# लेखापरीक्षण प्रतिवेदन

## बागमती गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बागमती गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/7

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुर।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ११ करोड ७४ लाख ६७ हजार, राष्ट्रपति महिला सुधार परियोजनाको रू ७ लाख ८४ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू ३५

लाख ९५ हजार र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रू २ लाख ८३ हजार समेत गरी रू १२ करोड २१ लाख २८ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रू. १ अर्ब ४३ करोड ८४ लाख ७४ हजार लेखापरीक्षणबाट रू ३ करोड ५६ लाख ५४ हजार बेरुजू देखिएकोमा रू. ५० लाख ८३ हजारको प्रतिक्रियाबाट फस्यौं ट भई बाँकी बेरूजु रु.३ करोड ५ लाख ७० हजार रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रू.२९ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १० लाख, नियमित गर्नुपर्ने रू.१ करोड ६० लाख २५ हजार र पेस्की बाँकी रू.६ लाख रहेको छ। गत वर्षसम्म रू.१४ करोड ५८ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१६ करोड ३८ लाख ५२ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने वाग्मती गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेकोले विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | ६७ | ३,५६,५३,६४८ | ० | ३५ | ५०,८३,२२८ | ० | ६१ | ३२ | ३,०५,७०,४२० | २९,४५,७५८ | १,६०,२४,७४० | १,०९,९९,९२२ | ० | ० | २,७०,२४,६६२ | ६,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १४,५८,२२,००० | ० | १,२५,४०,३४८ | १३३२८१६५२ | ० | ३,०५,७०,४२० | १६३८५२०७२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४१ | शैक्षक गुणस्तर कार्यक्रम | ४५,००,००० |
| २ | २०८०/८१ | ७० | मृत्यु भएकोलाई सामाजिक सुरक्षा भत्ता वितरण | २,८६,३०० |
| ३ | २०८०/८१ | ६० | भेरियसनमा बढी दर राखेको | १३,२२८ |
| ४ | २०८०/८१ | ३८ | प्रविधि हस्तान्तण | ६४,७०० |
| ५ | २०८०/८१ | ५२ | दोहोरो सहभागिता | १९,००० |
| ६ | २०७८/७९ | ३९ | उपभोक्ता समिति मार्फत खरीद | ३,०६,६४८ |
| ७ | २०७७/७८ | १९.१ | सोझै खरीद तथा भ्याट कट्टी | २७,८१,५६१ |
| ८ | २०७७/७८ | २५.१ | उपभोक्ता समितितर्फ | ० |
| ९ | २०७७/७८ | १७.१ | आन्तरिक लेखापरीक्षण तथा खरिद विविध | ५,२३,७३२ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७७/७८ | १४.२ | आन्तरिक आय | १८,०९,४२० |
| ११ | २०७९/८० | ४१ | सोझै खरिद | ५०,२५,१०४ |
| १२ | २०७९/८० | ४० | राजश्व ढिला दाखिला | ९५,१९९ |
| १३ | २०७९/८० | ६६ | पुस्तकालय स्थापना अनुदान | ८७,०१० |
| १४ | २०७९/८० | ६५ | गतवर्षको दायित्व भुक्तानी | १,२२,५०० |
| १५ | २०७९/८० | ६० | क्यू आर कोड प्रमाणिकरण तथा आई एम यु सुदृढीकरण कार्यक्रम | १,२९,७२४ |
| १६ | २०७९/८० | ६२ | औषधि खरिद | ४६,०५० |
| १७ | २०७९/८० | ५९ | एमएनएच अनसाइट कोचिङ् | २५,२०० |
| १८ | २०७९/८० | ५८ | आइएमएनसिआइ अनसाइट कोचिङ् | ३९,२०० |
| १९ | २०८०/८१ | २७ | पेश्कि वाँकी | २,००,००० |
| २० | २०७७/७८ | ४ | पेश्की बाँकी | २,४९,००० |
| २१ | २०७९/८० | २७ | शिर्षक फरक खर्च | १३,००,००० |
| जम्मा | | | | १,७६,२३,५७६ |

# (८०३३२५०८३०० - बागमती गाउँपालिका, मकवानपुर )

## परिचय

१

**(क) कार्यालय परिचय:-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले वाम्मती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, ३११.७९ वर्ग किलोमिटर तथा ३०४२५ क्षेत्रफल जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१८ देखि २०८१।०८।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधिबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका वेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति:-** कार्यालयको आय-व्ययतर्फ रू १४३८४७४०००/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू १०१६०७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | भौचर नं/मिति | बिवरण | कोष | रकम रु. |
|---|---|---|---|---|
| १ | ४७११२१५४२-०८१/८/२४ | बीउँपूजी अनुदान दोहोरो भुक्तानी | स्थानिय संचित कोष | ९५०००/- |
| २ | ७५११४८६०-०८१/०९/२८ | उपभोक्तालाई बढी भुक्तानी | संघिय संचित कोष | ६६०७/- |
| जम्मा रू | | | | १०१६०७/- |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको बिश्लेषणः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । शुत्र अनुसार तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) NPSAS अनुसारको ढाँचामा भएतापनि अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थताः-** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षा तर्फ रू ११७४६६५१५/-, राष्ट्रपति महिला सुधार परियोजना तर्फ रू ७८३६८६/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रू ३५९५०००/- र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम रू २८२५२२/२० समेत रू १२२१२७७२३/२० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ गाउँपालिकाबाट भएका भएका सबै आर्थिक कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)** | | | | | |
| **क्र.स./ आर्थिक सङ्केत** | **विवरण** | **चालु आ.ब.को कारोबार** | | **गत आ.ब. को कारोबार** | |
| | | **नगद** | **जम्मा** | **नगद** | **जम्मा** |
| | **राजस्वअनुदान र अन्य प्राप्ति** | | | | |
| ११००० | कर | ९३१२७५००.५५ | ९३१२७५००.५५ | ६९५५६८८५.५६ | ६९५५६८८५.५६ |
| १३००० | अनुदान | ३८७५६८४०४.०३ | ३८७५६८४०४.०३ | ४४२२८७०००.०० | ४४२२८७०००.०० |
| १४००० | अन्यराजस्व | १६७४९७५१.७८ | १६७४९७५१.७८ | १७८४८१८८.६६ | १७८४८१८८.६६ |
| १५००० | विविधप्राप्ति | १६७६३८.१० | १६७६३८.१० | २४४१६.०० | २४४१६.०० |
| क | **कुलजम्मा प्राप्ति** | ४९७६१३२९४.४६ | ४९७६१३२९४.४६ | ५२९७१६४९०.२२ | ५२९७१६४९०.२२ |
| २ | चालु | ३८८०२९१०१.३७ | ३८८०२९१०१.३७ | ३३०६६०३६१.८३ | ३३०६६०३६१.८३ |
| २१००० | पारिश्रमिक / सुविधा | २१८२२२५४६.८४ | २१८२२२५४६.८४ | १७३३७५९८५.५९ | १७३३७५९८५.५९ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १६६७६१६७५.५३ | १६६७६१६७५.५३ | १०९६२२२८८.६७ | १०९६२२२८८.६७ |
| २६००० | अनुदान | ० | ० | ४३६३७९६१.५७ | ४३६३७९६१.५७ |
| २७००० | सामाजिकसुरक्षा | ६९९२००.०० | ६९९२००.०० | २५१२३२६.०० | २५१२३२६.०० |
| २८००० | अन्यखर्च | २३४५६७९.०० | २३४५६७९.०० | १५११८००.०० | १५११८००.०० |
| ४ | पूंजीगत | १८६३०७००७.०८ | १८६३०७००७.०८ | २१५२३७२२३.८३ | २१५२३७२२३.८३ |
| ३१११० | भवनतथा संरचना | ३७६६६९२.०० | ३७६६६९२.०० | ९६७५९३४.०० | ९६७५९३४.०० |
| ३११२० | सवारीसाधनमेशिनरी औजारफर्निचर्स तथा फिक्चर्स | १०६०३०९२.०८ | १०६०३०९२.०८ | २६९१२१०९.०० | २६९१२१०९.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | २८७१७२.०० | २८७१७२.०० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | १७०१३०७५१.०० | १७०१३०७५१.०० | १७८६४९१८०.८३ | १७८६४९१८०.८३ |
| ३११७० | पूँजीगतसुधार खर्च | १५१९३००.०० | १५१९३००.०० | ० | ० |
| ५ | वित्तीय | ० | ० | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ५७४३३६१०८.४५ | ५७४३३६१०८.४५ | ५४५८९७५८५.६६ | ५४५८९७५८५.६६ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (७६७२२८१३.९९) | (७६७२२८१३.९९) | (१६१८१०९५.४४) | (१६१८१०९५.४४) |
| घ) | **धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ४९१६७९२.३६ | ४९१६७९२.३६ | (७१२७०६६.५८) | (७१२७०६६.५८) |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | -९०६. | -९०६. | ८०७८८.०० | ८०७८८.०० |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (७१८०६०२१.६३) | (७१८०६०२१.६३) | (२३३०८१६२.०२) | (२३३०८१६२.०२) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ९४८६९८८३.३५ | ९४८६९८८३.३५ | ११८१७८०४५.३७ | ११८१७८०४५.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २३०६३८६१.७२ | २३०६३८६१.७२ | ९४८६९८८३.३५ | ९४८६९८८३.३५ |

२.२ **फरक हिसाबः-** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा यस वर्षको प्राप्ति भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ९४८६९८८३/३५ | ४९७६१३२९४/४६ | ५७४३३६१०८/४५ | २३०६३८६१/७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६२१७२४२८/७९ | ६९९६८२५३४/६९ | ७३८७९११०१/७६ | २३०६३८६१/७२ |
| फरक | ३२६९७४५४/५६ | (२०२०६९२४०/२३) | (१६४४५४९९३/३१) | ० |

**एकिकृत आय व्ययः-** गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था यस प्रकार छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बित्तिय विवरण यथार्थ नदेखिएकोः-** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनसँग सोही प्रतिवेदनको टिप्पणी र अनुसुचीमा भएका प्राप्ति हिसाव यथार्थ हुनु पर्दछ । अनुसुचीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदन प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं. २७० | अनुसूचि ३(प्राप्तिको संक्षिप्त विवरण) |
|---|---|---|---|
| ११००० | कर | ९३१२७५००.५५ | १२५८३०३१९.३१ |

अनुसुचीको रकम र म.ले.प.फा.नं. २७० सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । फरक फरक ठाउँमा फरक फरक प्राप्ति हुँदा संचित कोषमा मौज्दात पनि फरक पर्न जान्छ यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

२.४ **मौज्दात फरकः-** गत वर्षको महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी तथा अन्य कोष समेत सञ्चित कोषको मौज्दात रू ९४६८९०९५/- मौज्दात रहेकोमा गाउँपालिकाको म.ले.प.फा.नं. २७० मा रू ९४८६९८८३/३५ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ । गत वर्षको म.ले.प.को प्रतिवेदनमा उल्लेख भएको मौज्दात भन्दा म.ले.प.फा.नं. मा रू १८०७८८/३५ बढी जिम्मेवारी सारेको छ । गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेकोमा गत वर्षको जिम्मेवारी रू ६२१७२४२८/७९ देखाएको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा भन्दा रू ३२६९७४५४/४६ बढि जिम्मेवारी सारेको सम्वन्धमा हिसाब समायोजन गरी हिसाव मिलान गरेको देखिएन । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ।

२.५ **धरौटी/अन्य कोषः-** म.ले.प. फा.नं. २७० को प्राप्ति र भुक्तानी को एकीकृत वार्षिक प्रतिवेदनमा धरौटी लगायत अन्य कोषको आम्दानी र खर्च समेटेको देखिदैन ।धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात थप/घट भनि समावेश मात्र गरेको छ ।सो मौज्दातमात्रले म.ले.प. फा.नं. २७० को आय र व्यायको यथार्थ चित्रण गर्दैन ।

२.६ **खर्च बिश्लेषणः** गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू १४६९१८३९.१ राजस्व बाँडफाँड र अनुदानबाट रू ५४४२७८१६७.५२ समेत रू ५५८९७०००६.६२ आम्दानी भएकोमा चालु तर्फ रू ३८८०२९१०१.३७ र पूँजिगत तर्फ रू १८६३०७००७.०८ समेत रू ५७४३३६१०८.४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ९२४१२६१.८३ खर्च भएको छ जुन आन्तरिक आयको ६२.९० प्रतिशत रहेको छ ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३३.६१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२.७ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। गाउँपालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वियन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• गाउँपालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईऐन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• ठेक्का बील तोकिएको मलेपफारम अनुसार तयार नगरेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नु पर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• भ्रमण अभिलेख खाता पूर्ण रूपमा अध्यावधिक गरी नराखेको,

• भ्रमण बिल मलेप फारमले तोकेको ढाँचा अनुसार तयार नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमण विलको साथै पेश गर्नु पर्ने भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, केही पदाधिकारी/कर्मचारीले पेश गरेकोमा पूर्ण रुपमा भ्रमणलाई पुष्टी गर्ने गरी भ्रमण अवधी भरको कार्य विवरण नखुलेको,

**विविध तर्फ**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो,

• म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको,

• कार्यलयमा भुक्तानीको लागि प्राप्त हुने विल बिजक लगायतका कागजातहरू कार्यलय प्रमुखसंग नियम अनुसार प्रमाणीत गराइ भुक्तानी गर्नु पर्नेमा अधिकांश बिल भर्पाइ कागजातहरू प्रमाणीत गराएको नदेखिएको,

• डोर हाजिरी नियन्त्रण किताव अध्यावधिक रूपमा राख्ने नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

अतः गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

४ **बजेट पेश पारित र अख्तियारीः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री फणिन्द्र कुमार तिमिल्सिनाले मिति २०८०।०३।१७ मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ६८ करोड ३० लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२९ मा पारित भएको छ। यसै गरी गाउँपालिका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता समितिको मिटिङ्ग बसेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **क्षेत्रगत वजेटः**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रू ६८ करोड ५५ लाख ८६ हजार र खर्च रू ५७ करोड ४३ लाख ३६ हजारको आधारमा समग्र रूपमा ८३.७७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७९३९१०००.०० | ६२५२४२२९.६९ | १०.८७ |
| २ | सामाजिक विकास | ३२९८५४०००.०० | २८०८९७४८५.५९ | ४८.९१ |
| ३ | पूर्वाधार विकास | ११३०५९०००.०० | ८९९८५८८३ | १५.६७ |
| ४ | सुशासन विकास | ३३५६४०००.०० | २७६१६७८३.८९ | ४.८१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १२९७१८०००.०० | ११३३११७२६.२८ | १९.७३ |
| **जम्मा** | | **६८५५८६०००.००** | **५७४३३६१०८.४५** | **८३.७७** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास तर्फ सबैभन्दा बढी ४८.९१ प्रतिशत र सुशासन विकास सबै भन्दा घटी ४.८१ प्रतिशत रहेको छ ।

७ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

८ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| **क्र.स** | **विवरण** | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | १२२८ |
| २ | घरबाटो सिफारिस | १२७ |
| ३ | नाता प्रमाणित | ६६४ |
| ४ | जन्म दर्ता | १२२१ |
| ५ | मृत्यु दर्ता | २५९ |
| ६ | घरनक्सा पासको निवेदन | २६ |
| ७ | अन्य | ६३२२ |

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । गाउँपालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाई अन्य क्षेत्रको पनि सेवा प्रवाहलाई चुस्त बनाई अभिलेखीकरण समेत गर्नुपर्दछ।

९ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म २८ वटा ऐन, ९ वटा नियमावली ६३ वटा कार्यविधि ११ वटा निर्देशिका ७ वटा आचार संहिता मापदण्ड १ वटा मा मार्गदर्शन २ वटा नीति र १ वटा रणनीति निर्माण गरी १२२ वटा कानून कार्यान्यिनमा ल्याएको छ। साथै गाउँपालिकाले सभा। कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छ।

१० **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १५ गरी कुल १७ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्र्यौट भई ३ वटा माथिल्लो निकायमा पठाइएको र २ वटा रद्द भई बाँकी १ देखिन्छ। । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाको उक्त समितिको बैठक एक पटक मात्र बसी श्रोत अनुमान गरेको पाइयो ।समितिले सिमा निर्धारण गरी वडामा पठाएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्चः

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नु पर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| बजेट | कुल खर्च | | त्रैमासिक खर्च (रू.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रे त्रैमासिक | चौथो त्रैमासिक | |
| ६८५५८६ | ५७४३३६.०० | ८९०८८.०० | ७५१३९.०० | १५६१३३.०० | २५३९७४.०० | १५२३८६.०० |
| खर्च प्रतिशत | ८३.७७ | १५.५१ | १३.०८ | २७.१८ | ४४.२२ | २२.२२ |

पालिकाको कुल खर्च रू ५७ करोड ४३ लाख ३६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू ८ करोड ९० लाख ८८ हजार ( १५.५१ प्रतिशत), दोस्रो त्रैमासिकमा रू ७ करोड ५१ लाख ३९ हजार ( १३.०८ प्रतिशत), तेस्रो त्रैमासिकमा रू १५ करोड ६१ लाख ३३ हजार ( २७.१८ प्रतिशत) र चौथो त्रैमासिकमा रू २५ करोड ३९ लाख ७४ हजार ( ४४.२२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू १५ करोड २३ लाख ८६ हजार (२६.५३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १३ योजना प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष २०९ र क्रमागत २ गरी जम्मा २११ योजना संचालन गरेको प्रगति पेश गरेको छ । सो मध्ये यसवर्षको ८ र २ वटा क्रमागत गरी जम्मा १० वटा योजना ठेक्काद्वारा र बाँकी २०१ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ । गाउँपालिकाले सञ्चाल नगरेका योजनाको किसिम योजना संख्या उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अत: छनौट भएका योजनाको किसिम संख्या लागत अनुमान सञ्चालित योजना संख्या सम्झौता रकम सम्पन्न संख्या सम्पन्न रकम सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनुपर्दछ । साना योजना धेरै हुँदा प्रशासनिक खर्च बढ्ने, प्रतिफल नदिने, अनुगमन हुन नसकी गुणस्तरमा असर पर्ने तर्फ समेत ध्यान दिएको पाइँदैन ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू २० लाखमाथिका योजना सङ्ख्या | रू ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू ५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३६ | ८ | २८ | ० |
| २ | वडास्तरीय | १७३ | ० | २६ | १४७ |
| | जम्मा | २०९ | ८ | ५४ | १४७ |

१४ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम संचालन भएको प्रमाण उपस्थिति लगायत संलग्न नगरी सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा चिया नास्ता आदीको भुक्तानीका लागि रू १८१६५०७/- खर्च गरेको देखियो ।गाउँपालिकाको आन्तरिक आम्दानी रू १४६९१८३९/- भएको अवस्थामा आम्दानीको करीब १२.३६ प्रतिशत विविधमा खर्च लेखेको औचित्यपुर्ण देखिदैन । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।केहि उदाहरणहरू यसप्रकार छन ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | १७-०८०/०६/०२ | बिभिन्न कार्यक्रमको खाजा/खाना वापतको भुक्तानी | ९७४९०/- |
| २ | ८७-०८०/६/२५ | अतिथिसत्कारको खाना/खाजा वापतको खर्च | १९९७०/- |
| ३ | ८८-०८०/६/२५ | व्यूटिसियन तालिमको सामग्री खरिदको भुक्तानी | ५२७३०/- |
| ४ | ११९-०८०/६/३० | विभिन्न कार्यक्रमको खाजा खाना खर्च | ४०३२०/- |
| ५ | १३२-०८०/७/१ | बिभिन्न कार्यक्रमको खाजा खान खर्च | २३१५०/- |
| ६ | १३५-०८०/०७/१ | कार्यपालिका वैठकको खाना खाजा खर्च | ५४२३०/- |
| ७ | ३२४-०८०/९/६ | गाउँसभा लगायतकार्यक्रमको खाजा खाना खर्च | ४८०८५/- |
| ८ | ३३२-०८०/९/६ | मैत्रिपूर्ण फुटवल खेल तथा शुभकामना अदनप्रदानको खर्च | २६८७५/- |
| ९ | ३९४-०८०/१०/५ | विभिन्न वैठक तथा कार्यक्रमको खाना खाजा खर्च | ४०५२५/- |
| १० | ४४६-०८०/१०/२४ | न्यायिक समिति तथा गाउँपालिकाको वैठकको चिया खाजा खर्च | ३२६३०/- |
| ११ | ४७९-०८०/११/०९ | विभिन्न समयको खाना खाजा खर्चको भुक्तानी | ५१८००/- |
| १२ | ५६८-०८०/१२/०७ | विभिन्न बैठकको खाजा/खाना खर्च | २६१२०/- |
| १३ | ६३५-०८०/१२/३० | गाउँपालिकाको विविध कार्यक्रमको खाजा /खाना खर्च | ४२९६५/- |
| १४ | ८९७-०८१/०३/११ | बिभिन्न समयको न्यायिक समितिको बैठक खर्च | ८७३५०/- |
| १५ | ९४०-०८१/३/१३ | कार्यपालिकाको बिभिन्न समयको वैठक खर्च | ७०१२५/- |

१५ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा एवं बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता

वितरण गर्नु पेर्नेमा यस वर्ष रू ६७६७७८/- आर्थिक सहायता वितरण गरेका पाइयो ।गाउँपालिकाको आन्तरिक आम्दानी रू १४६९१८३९/- भएको अवस्थामा आम्दानीको करीब ४.६१ प्रतिशत आर्थिक सहायता वितरणमा खर्च लेखेकोमा स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।केहि उदाहरणहरू निम्नानुसार रहेका छन् ।

| **क्र.सं.** | **गो.भौ.नं. र मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १ | ८०७-०८१/२/२७ | पाँचपाण्डव ल्होसार कार्यक्रम आर्थिक सहयोग | ५००००/- |
| २ | १०१७-०८१/३/२० | दिर्घरोगी, गम्भिर प्रकृतिका विरामी तथा विपदमा परेका ४ जना लाई रू १० हजार देखि १५ हजार | ५००००/- |
| ३ | १०३८-०८१/०३/२० | अपङ्गता भएकालाई कृत्रिम खुट्टा खरीदमा सहयोग १ जनालाई | ८००००/- |
| ४ | १०००-०८१/३/२१ | मानसिक उपचार गर्न १ जनालाई उपचार खर्च | २५०००/- |
| ५ | १०४९-०८१/३/२२ | खसआर्य समाजको प्रथम वार्षिक साधरण सभाको लागि आर्थिक सहयोग | ८००००/- |
| ६ | १०९५-०८१/३/२३ | तेस्रो माझी गोल्डकप हरिहरपुरगढीलाई खेलकूद सामाग्री खरीदको लागि आर्थिक सहयोग | ५००००/- |
| ७ | ११२७-०८१/०३/२३ | मुटुरोगी १ जनालाई आर्थिक सहयोग | १५०००/- |

१६ **वार्षिक खरिद योजनाः**

सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू १८६३०७००७.०८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **लक्ष्य प्रगति:**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५ उपनियम १ अनुसार अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।

१८ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरणअनुसार गाउँपालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । सो सहकारी के कस्तो अवस्थामा संचालन भएका छन छानविन गरी कार्वाही प्रक्रिया अगाडी वढाउनु पर्छ र संचालन हुन नसक्ने अवस्था देखिएमा वन्द गर्नु पर्दछ । गाउँपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी गाउँपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । गाउँपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

२० **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दीः**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ राजस्व क्षमता खर्चको आकार स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा गाउँपालिका तर्फ ६७ रहेकोमा ४४ जना र स्वास्थ्य करार तर्फ १३६ दरवन्दी रहेकोमा ११३ जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ । गाउँपालिका तर्फ २३ र करार मध्ये २३ गरी ४६ दरवन्दी खालि देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ स्थायी रिक्त पदहरू लोक सेवा मार्फत माग गरी पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।गाउँपालिकाले ११ औ गाउँसभाबाट २०३ दरवन्दी कायम गरि (स्थायी तर्फ १३६ र करार तर्फ ६७ जना) प्रस्ताव गरिएको छ ।

२१ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी पलम्बर इलेक्टीसियन चौकिदार मालि बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले स्विकृत दरवन्दी नरहेका अमिन, कृषि प्राविधक, सव ईन्जिनियर लगायतका पदमा करारमा १० जना कर्मचारी नियुक्त गरी करार सेवा वापतको पारीश्रमिक रू ३५८३५५४/- भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गरेको रकम नियमसँगत नदेखिएको रू ................

| | |
|---|---|
| अनियमित भएको | ३५,८३,५५४ |

२२ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष ०८०/८१ को अन्तर सरकारी अख्तियारी बाहेक सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।गाउँपालिकाले आन्तरिक लेखापरीक्षणको लागि नियूक्ति भएको कर्मचारीलाई लेखाशाखामा खटाई लेखा सम्वन्धि काम कार्वाही गर्न लगाएकोले आन्तरीक लेखापरीक्षण सो कर्मचारीबाट हुन सकेन । कानूनले तोकिए अनुसारकै काममा कर्मचारीलाई खटाउनु पर्दछ । गाउँपालिकाले आन्तरीक लेखापरीक्षकलाई अन्यत्र काममा खटाई आन्तरिक लेखापरीक्षण नगराउनु नगर्नु उचित देखिदैन । तसर्थ गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२३ **गत वर्षको दायित्व भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । गाउँपालिकाले २०७९।८० मा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नगर विकास योजनामा समावेश गरी यस वर्ष रू १६४१४८४४.३०

भुक्तानी गरेको छ । गत वर्षको भुक्तानी यस वर्षमा भुक्तानी गर्दा चालू वर्षमा नयाँ योजान थप गर्न समस्य सृजना हुने हुँदा चालू वर्षलाई दायित्व सृजना हुने गरी योजना तर्जुमा गर्नु हुदैन । यसरी सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिदैन।

२४ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नु पर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा गाउँपालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलाम लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **जिन्सीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नु पर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः-

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस गाउँपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२६ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १०९६५२३६/- र गाउँपालिकाका तर्फ रू १३२८२५१०/- समेत रू २४२४७७४६/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **पेश्कि वाँकीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ४७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ। पेश्की फर्स्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबैको कर्तव्य हुने भनिएको छ। देहायका कर्मचारी, व्यक्ती तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि म्याद नाघेको पेश्कि रू ८००००/- फर्स्यौट भएको नदेखिएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम पेश्की रकम फर्स्यौट गर्नु पर्ने रू .........

| गो.भौ.नं./ मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| **कर्मचारी** | | | | |
| ५७-२०८०/०६/१६ | बिमा तथानवीकरण खर्च | सवइञ्जिनियर दिनेसबानियाँ | | २,००,०००/०० |
| **संस्थागत** | | | | |
| १४- २०८०/१०/०७ | पालिकाअन्तर्गत निर्माणाधिन ५।१०। १५ शैय्या आधारभूत अस्पतालको श्रृजित दायित्वभुक्तानी गर्न। | शिवालयविल्डर्स प्रा.लि. | २४,००,०००.०० | |
| ७-२०८०/१०/०८ | झुरझुरेखेल मैदान घेरराबार तथा प्याराफिट निर्माण बागमती-४ | संजयनिमार्ण सेवा | १२,००,०००.०० | |
| १६-२०८०/१०/०८ | झुरझुरेज्यामिरे हुँदै भोर्लेनी सडक(संघीय समपुरक) | टाण्डवकन्ष्ट्रक्सन कम्पनी प्रा. लि. | १५,००,०००.०० | |
| १०- २०८०/१०/२४ | झुरझुरेखेल मैदान घेरराबार तथा प्याराफिट निर्माण बागमती-४ | संजयनिमार्ण सेवा | ३०,००,०००.०० | |
| १८- २०८०/१०/२४ | झुरझुरेज्यामिरे हुँदै भोर्लेनी सडक (संघीय समपुरक) | टाण्डवकन्ष्ट्रक्सन कम्पनी प्रा. लि. | २०,००,०००.०० | |
| ७०- २०८०/११/२७ | पालिकाअन्तर्गत निर्माणाधिन ५।१०। १५ शैय्या आधारभूत अस्पतालको श्रृजित दायित्वभुक्तानी गर्न। | शिवालयविल्डर्स प्रा.लि. | १,५४,३५,०००.०० | |
| ६९१-२०८१/०१/२० | खेलकूदसामाग्री खरिद तथा प्रशिक्षण समेतको खर्च | बागमतीगाउँपालिका खेलकूद विकास समिति | | १,००,०००/०० |
| **व्यक्तिगत** | | | | |
| ८४४-२०८१/०३/०७ | सभासञ्चालन खर्च | शिशिरघिमिरे | | ३,००,०००/०० |
| | | जम्मा रू | २५५३५००००/- | ६०००००/- |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ६,००,००० |

२८ **घर जग्गा बहाल करः**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०७५ को दफा ५ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू ६२५५४७/९५ कर संकलन गरेको छ ।

गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

२९ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू ५०७५०/- कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **विज्ञापनकरः**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड साईनबोर्ड व्यानर ट्राई भिजन बोर्ड ग्लोबोर्ड स्टल डिजिटलबोर्ड धातुको फ्रेम वा कुनै स्थानमा लागाउने लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ ।गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

३१ **आय अनुमानः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रू २१ करोड ५० लाख ४७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू १४ करोड २५ लाख ८० हजार अर्थात अनुमान भन्दा ३३.७० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३२ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००० | ११८० | ११.८ |
| घरजग्गा वहाल कर | २००००० | ६२५५४७.९५ | ३१२.७७ |
| व्यवसाय कर | ५००००० | ५०७५० | १०.१५ |
| वहाल विरौटी शुल्क | २००००० | ०० | ०० |

माथी उल्लेखित विवरण अनुसार गाउँपालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर अनुमानको करिब ११.८ प्रतिशतमात्र र घरजग्गा वहाल कर अनुमानको करिब ३१२.७७ प्रतिशत असुली गरेको देखिन्छ ।गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले कर असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३३ **खर्चमा आन्तरिक आयको प्रतिशतः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको

खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८६३०६०००/- | १४६९१८३९/१ | ५.१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५ प्रतिशत मात्र रहेको छ । गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **राजस्वको अभिलेखः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुरूप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।गाउँपालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरू अद्यावधिक गरी राजस्वको हिसाब राख्नु पर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प.फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प.फा.नं.१०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प.फा.नं ११० लगायतका राजस्वको श्रेस्ताहरू अभिलेख राखेको पाइएन । आन्तरीक आय रू १४६९१८३९/१ प्राप्त भएकोमा प्राप्त राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । गाउँपालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नु पर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३५ **अनुगमन मूल्यांङ्कन /अनुगमन समितिः**

वाग्मती गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०८० अनुसार उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले गाउँपालिका भित्रका योजना तथा कामको अनुगमन गरी कामको विवरण सम्पन्न भएको कामको अवस्था तथा गुणस्तर कमि कमजोरी र सुधारका विषय वस्तुहरू समेत उल्लेख गरी सात दिन भित्र सोको प्रतिवेदन कार्यपालिका पेश गरी कार्यपालिकाको वैठकमा छलफल गर्ने गराउने व्यवस्था छ । वाग्मती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी ऐन,२०७५ को पहिलो संशोधन मा स्थानीय तहका पदाधिकाहरूले स्थानीय तहका पदाधिकारीहरूले स्थानीय क्षेत्रभित्रको योजनाहरूको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउने उल्लेख भएको देखिदैन । योजना अनुगमन गरी भुक्तानीका लागि पेश गरेको अनुगमन फाराममा कामको विवरण कामको अवस्था कमि कमजोरी र सुधारका उपायहरू विस्तृत रूपमा उल्लेख नगरी प्रतिवेदन पेश गर्ने गरेको देखिन्छ । सबै योजनाहरूमा उल्लेखित प्रकारको विवरण सुनिश्चित हुनेगरी सिफारिस गरे पश्चात मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । तर गाउँपालिकाले अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०८० को दफा २० वमोजिम जति योजना अनुगमन गरेपनि १५ दिन सम्मको मात्र सुविधा लिने व्यवस्था अनुरूप जनप्रतिनिधि तथा कर्मचारीहरुलाई योजना अनुगमन बापत बढीमा १५ दिनको मात्र सुविधा लिने गरी प्रत्येक योजनाको रू १०००/- का दरले १५ प्रतिशत कर कट्टा गरी भुक्तानी गरेको देखियो । गाउँपालिकाले यस वर्ष अनुगमन मूल्यांङ्कन रू ३ लाख ७७ हजार खर्च लेखेको छ । गाउँपालिकाले अनुगमन मूल्यांङ्कन सूचक तयार गरी मितव्ययिता कामय हुने गरी अनुगमन मूल्यांङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

३६ **विउपूँजी अनुदानः**

संघ/प्रदेश/स्थानीय तहले म.ले.प फाराम नं ७११ र ७५८ बमोजिम ऋण लगानीको अभिलेख तथा सोको अद्यावधिक प्रतिवेदनको तयार गर्नु पर्दछ । गाउँपालिकाले कृषि व्यवसाय सञ्चालनको लागि वस्तुहरुको उत्पादन, प्रशोधन सम्बन्धी कार्य गर्न सुरूवाती चरणमा बीउपूँजी उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बीउपूँजी परिचालन कार्यविधि, २०७९ तर्जुमा गरी सो बमोजिम यो बर्ष २१६ कृषि तथा पशुपंक्षी फर्महरूलाई गाई भैंसी खरिदको लागि रू ९५ हजारका दरले र ६ वटा फर्महरूलाई तरकारी तथा फलफूल खेती प्रबर्द्धन तथा विस्तारको लागि रू ५ लाखका दरले विना धितो र विना व्याजमा ३ वर्षमा फिर्ता गर्ने गरी रू ३ करोड २० लाख तथा अघिल्लो आर्थिक वर्षमा २० कृषि फर्महरूलाई गाई भैंसी खरिद गर्न रू ५० हजारका दरले रू १० लाख समेत रू ३ करोड ४० लाख २० हजार ऋण स्वरूप बीउपूँजी उपलब्ध गराएको छ । ऋण लिने संस्था, ऋण रकम, ऋण अवधि, भाखा नाघेको ऋण जस्ता

विवरणहरू भएको स्वीकृत म.ले.प. फाराम बमोजिम ऋणको अभिलेख तथा ऋणको अद्यावधिक प्रतिवेदन तयार गरेको नदेखिएको हुँदा उक्त विउपूँजी तोकिएको समयावधिमा फिर्ता हुनेमा आश्वस्त हुन सकिएन । ऋण रकम फिर्ता प्राप्तिको लागि तोकिए बमोजिम व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

## ३७ प्रधानमन्त्री रोजगारः

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा सहयोग पुर्‍याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन । तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ । स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ । यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण खानेपानी मर्मत नाली सरसफाई मोटर बाटो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ८ वडामा यस वर्ष १२४ जना लाई रोजगारी उपलव्ध गराई रू ५३४१७३०/३३ खर्च गरेको छ ।लक्षित वर्ग लाई औषत दिन १४.३१ देखि ९९.१६ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

## ३८ प्रविधि हस्तान्तण

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६४,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३९ निजि गोठ निर्माण

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७८ को बुदा नं ७ मा सडक खानेपानी ढल व्यवस्थापन सिचाई उर्जा सहरी विकास शिक्षा स्वास्थ्य कृषि सुचना पूननिर्माण वा रोजगार सृजना हुन सक्ने अन्य क्षेत्र तथा यी बाहेक निजि तथा सहकारी क्षेत्रमा समेत सम्बन्धीत क्षेत्रको सहकार्यमा रोजगारी सिर्जना गरी रोजगारीको सुनिश्चितता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष जम्मा २० योजनामा रू ५३४१७३०।- खर्च लेखेकोमा पालपाले पशुपालन फर्म, टाँके गोठ निर्माण फर्म, बाम्मती कृषि समुह, माझी दमार गाईपालन फर्म, प्रभा कृषि फर्म र पाथिभारा गोठ निर्माण फर्म गरी ६ फर्म सँग लागत साझेदारी बेगर निजि फर्मको गोठ सुधार कार्यक्रममा ३५ जना कामदार खटाई रू १४६९९३१।- खर्च लेखेको देखिन्छ ।यसरी निजी फर्म छनौटको आधार र लागत साझेदारी बेगर प्रत्यक्ष कुनै एक व्यक्ति वा फर्म मात्र लाभन्वीत हुने गरी योजना संचालन गरी रोजगारी सृजना गरेको देखिन्छ । गाउँपालिकाले सामुदायिक पूर्वाधारहरूको विकास का आयोजनाहरु छनौट गरी रोजगारी सृजनाको सुनिश्चितता गर्नुपर्नेमा व्यक्तिगत फर्म मात्र लाभान्वीत हुने गरी लागत साझेदारी बिना आयोजना छनौट गर्नु नियमसंगत नदेखिएको रू......

| | |
|---|---|
| अनियमित भएको | १४,६९,९३१ |

## ४० शिक्षक दरबन्दी अवस्था

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संख्या | स्वीकृतदरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | रिक्त | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| ५० | २२७ | २२१ | १३६ | ६ | ७८४८ |

गाउँपालिकाले दिएको विवरण अनुसार गाउँपालिका अन्तर्गत ५० विद्यालयमा २२७ दरबन्दि रहेकोमा २२१ पदपूर्ति रहेको र पदपूर्ति मध्ये १३६ जना करार ६ जना शिक्षक रिक्त रहेको देखिन्छ । ५० विद्यालयमा जम्मा विद्यार्थी संख्या ७८४८ छन जम्मा विद्यालय अनुसार शिक्षक विद्यार्थी अनुपात १:३५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरू सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

४१ **शैक्षक गुणस्तर कार्यक्रम** (३२१-२०८१-३-२०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **सेनिटरी प्याड व्यवस्थापन** (४३/ ८०-२०८१-८-२९):

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायिक विद्यालयका छात्रालाई तोकिएको न्युनतम मापदण्ड अनुसार खरिद गरी निशुल्क सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार स्थानीय तहले सामुदायिक तोकिएको न्युनतम मापदण्ड अनुसार खरिद गरी निशुल्क सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ । विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत छात्रालाई १० महिना लागि एउटा महिनावारी चक्रमा बढीमा १६ वटा निशुल्क प्याड उपलब्ध गराउन सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ठेक्का मार्फत २ पटक गरि जम्मा ७०४२५ प्याकेट प्याड खरिद गरि रू १८३०३४५।- खर्च लेखेको छ । जसका व्यहोराहरू यसप्रकार छन्ः-

• कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेबमोजिम सामुदायीक विद्यालयका छात्राहरूलाई १० महिनाको लागि कार्यविधिले तोकेबमोजिम खरिद गर्नुपर्नेमा ७०४२५ प्याकेट खरिद गरि जम्मा ४५०५० प्याकेट विद्यालयलाई वितरण गरेको देखिन्छ ।यसरी विद्यालयमा वितरण गर्नुपर्ने सेनिटरी प्याड २२५०० प्याकेट रू २५.९९ को दरमा रू ५८४७७५।- बराबरको गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थालाई वितरण गरेको देखिन्छ । कार्यविधिले तोकेभन्दा फरक संस्थालाई वितरण गर्नु नियमसंगत नदेखिएको रू....

• खरिद गरिएका स्यानीटरी प्याडहरू विद्यालय स्वास्थ्य संस्था लाई वितरण गर्दा पनि ३१७६ प्याकेट गाउँपालिकामा नै मौज्दात रहेको देखिन्छ । खरिद गरिएका प्याडहरूको गुणस्तर परीक्षण गरेको देखिएन र भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको समेत पाइएन । तसर्थ गाउँपालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

• कार्यविधिको बुदा नं १५ मा स्थानीय तहले सामुदायीक विद्यालयका छात्राहरूलाई आवश्यक पर्ने सेनिटरी प्याड समयमै वितरण भए नभएको प्रयोग भएका सामाग्रीको वातावरणमा प्रतिकुल असर नपर्ने गरी विसर्जन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । गाउँपालिकाले अनुगमन गरी गुणस्तरयुक्त सेनिटरी प्याड प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ५,८४,७७५ |

४३ **भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन** (४३-२०८१-३-२४):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को २.८.८ को क्रियाकलाप नं ११.१.२.२५०० मा केन्द्रबाटै छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार विकास अनुदान नमुना विद्यालय सुधार गुरूयोजना अनुरुप भौतिक निर्माण अनुदान दिने व्यवस्था छ । उक्त अनुदान विद्यालयलाई सम्झौता भएपश्चात ३० प्रतिशत स्ट्रक्चर पार्ट को कार्यसम्पन्न भएपश्चात ५० प्रतिशत र कार्यसम्पन्न पश्चात बाँकि रकम भुक्तानी दिनसक्ने व्यवस्था अनुसार नमुना विद्यालयलाई रू ५० लाख देखि १ करोड अनुदान दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले कार्यान्वयन पुस्तिकाले तोकेबमोजिम भुक्तानी दिनुपर्नेमा

श्री जनता मा.वि. लाई आर्थीक वर्षको अन्त्यमा एकमुष्ट १ करोड अनुदान रकम विद्यालयको खातामा निकासा गरेको देखिन्छ । विद्यालयले उक्त रकमको गुरूयोजना अनुसार खर्च प्रमाणित हुने गरी कार्यसम्पन्न पेश नगरेकोले कार्यसम्न्न प्रमाण पेश गर्नुपर्ने रू...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

४४ **शिक्षण सहयोग अनुदान**

शिक्षा विभाग शिक्षा तथा मानव विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक दरबन्दी अनुपात हिमाली भेगमा १:४०, पहाडि भेगमा १:४५, र तराई भेगमा १:५० रहने व्यवस्था छ । गाउँपालिकाको सामुदायिक विद्यालयमा बढि विद्यार्थी भएको विद्यालयमा शिक्षण सहयोग अनुदान भनि आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी देहाय बमोजिमका ३५ विद्यालयमा मासिक मा.वि शिक्षकलाई रू २५ हजार, नि.मा.वि शिक्षकलाई रू २० हजार र प्रा.वि शिक्षकलाई रू १५ हजार तलब दिने गरि ३३ जना गणित, अङग्रेजी, विज्ञान र कम्प्युटर विषय शिक्षक भनि नियुक्त गरि वार्षिक करिब रू १०९९७९४८।- खर्च लेखेको देखिन्छ ।

| क्र.स | विद्यालयकोनाम | थपशिक्षक | शिक्षकदरबन्दी | विद्यार्थीसङ्ख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री सूर्यमावि | 2 | 13 | 478 | 1:37 |
| २ | श्रीबागमती मावि | 2 | 14 | 519 | 1:37 |
| ३ | श्री देवकीमावि | 3 | 23 | 1238 | 1:54 |
| ४ | श्री जनतामावि | 2 | 23 | 1108 | 1:48 |
| ५ | श्रीबाघभैरव मावि | 1 | 10 | 140 | 1:14 |
| ६ | श्रीटंकेश्वर आवि | 2 | 7 | 177 | 1:25 |
| ७ | श्रीज्ञानमन्दिर आवि | 1 | 7 | 208 | 1:30 |
| ८ | श्रीपञ्चकन्या आवि | 2 | 6 | 191 | 1:32 |
| ९ | श्री गीताआवि | 1 | 8 | 172 | 1:22 |
| १० | श्रीबागमती आवि | 2 | 7 | 300 | 1:43 |
| ११ | श्री सीताआवि | 2 | 6 | 144 | 1:24 |
| १२ | श्री जनहितआवि | 1 | 7 | 188 | 1:27 |
| १३ | श्री चौराआवि | 2 | 7 | 291 | 1:46 |
| १४ | श्रीवनदेवी आवि | 1 | 8 | 265 | 1:33 |
| १५ | श्रीबालविकास आवि | 1 | 2 | 27 | 1:13 |
| १६ | श्रीजनज्योति आवि | 1 | 1 | 20 | 1:20 |
| १७ | श्रीमहाबुद्ध आवि | 1 | 5 | 148 | 1:30 |
| १८ | श्री आदर्शजनप्रियआवि | 1 | 2 | 151 | 1:75 |
| १९ | श्रीजनजागृति आवि | 1 | 2 | 28 | 1:14 |
| २० | श्रीराजदेवी आवि | 1 | 1 | 21 | 1:21 |
| २१ | श्रीज्ञानकुञ्ज आवि | 1 | 1 | 23 | 1:23 |
| २२ | श्री देवहित आवि | 2 | 6 | 139 | 1:23 |
| जम्मा गाउँपालिका अनुदान | | 33 | | | |

कार्यक्रम कार्यन्वयन पुस्तिका अनुसार पहाडी भेगमा प्रति १ शिक्षक बराबर ४५ जना विद्यार्थी रहने अवस्थामा माथी उल्लेखित विवरण अनुसार २१ विद्यालय मध्ये ४ विद्यालयमा मात्र ४५ भन्दा बढि विद्यार्थी देखिन्छ । त्यसैले गाउँपालिकाले शिक्षक नियुक्ति गर्नै पर्ने

विद्यालयमा मात्र शिक्षक नियुक्त गर्ने र विद्यार्थी शिक्षक अनुपात तोकेको भन्दा पनि न्युन भएको अवस्थामा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरू सम्भाव्यताको आधारमा समायोजन गरी आवश्यकता बमोजिम शिक्षक नियुक्ती गर्नुपर्ने देखिन्छ ।

४५ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रू २५ लाखसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र रू २५ लाख भन्दा माथि ठेक्का प्रक्रिया मार्फत खरिद गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष औषधी खरिद ठेक्का मार्फत रू २१०४२८५।- कोटेशन मार्फत रू २६४८२०।- गरी जम्मा रू २३६९१०५।- को औषधी खरिद गरेको देखिन्छ यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः-

• आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४६ **लागत र प्रतिफल**

आ.व. २०८०।८१ मा वाग्मती गाउँपालिका अन्तर्गत सञ्चालित ५० सामुदायिक विद्यालय संघ प्रदेश र स्थानीय तहको आफ्नै स्रोतबाट गरि जम्मा खर्च रू १९८७६४३४५।- रहेको देखिन्छ र ५० विद्यालयमा जम्मा विद्यार्थी ७८४८ देखिन्छन । प्रति विद्यार्थी लागत हेर्दा रू २५३२६।- देखिन्छ । यस गाउँपालिका अन्तर्गतका ५ वटा विद्यालय मध्येबाट यस वर्ष SEE परिक्षामा ३९९ विद्यार्थी सहभागी भएकोमा १२७ जना विद्यार्थी अर्थात ३२ प्रतिशत मात्र उर्तिण भएका छन । सरकारको लगानी बढ्दै जादा किन शिक्षाको गुणस्तर तथा प्रतिफल सुधार हुन सकेको छैन यस बिषयमा गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४७ **लागत सहभागिताः**

गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाहरूमा लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः उपभोक्ता समितिबाट काम गराउँदा नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४८ **विद्यालयको अनुगमन**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार विद्यालयलाई उपलब्ध गराउने सम्पूर्ण अनुदानको सोहि प्रयोजनको सुनिश्चितताको लागि स्थानीय तहले अनुगमन गर्नुपर्ने उल्लेख छ । यस वाग्मती गाउँपालिका अन्तर्गत सञ्चालित ५० सामुदायिक विद्यालय संघ प्रदेश र स्थानीय तहको आफ्नै स्रोतबाट गरि जम्मा खर्च रू १९८७६४३४५।- रहेको देखिन्छ ।जसमा शिक्षाका महत्वपूर्ण विषयहरू जस्तै तोकेअनुसारको गुणस्तरयुक्त दिवा खाजा खुवाए नखुआएको, निशुल्क पाठ्यपुस्तक समयमा पाए नपाएको , सेनिटरी प्याड प्राप्तीको अवस्था, विद्यालय सञ्चालन विभिन्न किसिमका अनुदानको प्रयोग र नियमित पठनपाठन अवस्थाको बारेमा स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गरेको पाईएन। गाउँपालिकाले अनुगमन प्रणालीलाई प्रभावकारी बनाई शिक्षाको गुणस्तरमा थप सुधार गर्नुपर्ने कुरामा जोड दिनुपर्दछ ।

४९ **विना धितो बीउपूँजीः**

वाम्मती गाउँपालिका बीउपूँजी परिचालन कार्यविधि, २०७९ को बुँदा नं ८ मा बीउपूँजीको अधिक्तम सिमा रू १० लाख रहने तथा व्यक्तिगत फर्मलाई रू १ लाखसम्म कृषि तथा पशुपंक्षी सहकारी संस्थाको सिफारिसमा विना धितो उपलब्ध गराउन सकिने र सो भन्दा माथि हालको मूल्यांकन रकम भन्दा बीस प्रतिशत बढीको जग्गा धितो राखि बिउपूँजी उपलब्ध गराउन सकिने उल्लेख भएकोमा गाउँपालिकाले देहाय अनुसारका कृषि तथा पशुपंक्षी व्यक्तिगत फर्महरूलाई विनाधितो सिमा भन्दा बढी रू ५ लाख अनुदान उपलब्ध गराएको नियमसम्त नदेखिएको रू........

| फर्मको नाम | बीउपूँजी रकम |
|---|---|
| घिमिरे प्रगतिशील कृषि तथा पशुपंक्षी फर्म | ५०००००/- |
| पाथीभरा ड्रागन फुड तथा पशुपंक्षी फर्म | ५०००००/- |
| विवेक एकिकृत कृषि तथा पशुपंक्षी फर्म | ५०००००/- |
| वाइ इन एग्रीकल्चर फर्म | ५०००००/- |
| पाख्रीन कृषि तथ पशुपंक्षी फर्म | ५०००००/- |
| थाङवल कृषि तथा पशुपंक्षी फर्म | ५०००००/- |
| जम्मा रू | ३००००००/- |

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

## ५० कानूनी परामर्शदाता /खेदकुद प्रशिक्षकः

वाम्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, कानूनी सल्लाहकार, प्रेस सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले गाउँपालिकाको अध्यक्षको कानूनी सल्लाहकार १ जना तथा खेलकुद प्रशिक्षकको रूपमा ३ जना करारमा नियुक्त गरी रू १३५७१९८।- भुक्तानी गरेको कार्य नियम संम्त नदेखिएको रू .......

| | |
|---|---|
| अनियमित भएको | १३,५७,१९८ |

## ५१ वितरणमुखी खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले नगद अनुदान र सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ४२२०४८९/- भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट गाउँपालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | भुक्तानी पाउने फर्म/व्यक्ति | बिबरण | भुक्तानी रकम रू |
|---|---|---|---|---|
| १ | १४३-०८०/०७/०२ | नेपाल रेडक्रस सोसाईटि फापरवारी | कम्प्यूटर/ प्रिन्टर खरीद | ८१४००/- |
| २ | ६५७-०८१/१/१३ | जनचेतना महिला वचत तथा ऋण सहकारी | जस्ता खरीद | १४५०८९/- |
| ३ | ८०९-०२/२७ | खेलकूद विकास समिति वागमति गाउँपालिका | छैठौ गोल्डकप संचालन खर्च | ३९९४०००/- |
| | | | जम्मा | ४२२०४८९/- |

## ५२ दोहोरो सहभागिता

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **बहुवर्षिय योजनाको स्विकृतीः**

आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ को दफा ३ मा बहुवर्षिय ठेक्का व्यवस्थापन गर्नु अघी सम्बन्धित मन्त्राल/ निकायले राष्ट्रिय योजना आयोगको स्विकृती लिनुपर्ने र श्रोत व्यवस्थापनको सम्बन्धमा अर्थ मन्त्रालयको स्विकृती लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरेका देहाय बमोजिम आयोजनाहरू बहुवर्षिय योजनाको स्विकृत नलिएको तर ठेक्का व्यवस्थापन गर्न दुई आर्थिक वर्ष हुने गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने मिति राखेर सम्झौता गरेको देखिन्छ । गाउँपालिकाले मापदण्ड अनुसार बहुवर्षिय योजनो रूपमा सञ्चालन स्विकृत नभएको सालबसाली रूपमा सञ्चलन गर्नुपर्ने निम्नानुसार योजनाहरू समेत २ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिएकोले उक्त योजनामा भुक्तानी भएको रकम नियमसंम्त देखिदैन । गाउँपालिकाले यस तर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

| बजेट उपशिर्षक | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| संघीय समपपुरक | झुरझुरे ज्यामिरे हुँदै भोर्लेनी सडक | २१२४५९८३.४१ | २०८१।१०।४ | २०८१।१०।५ |
| प्रदेश समपुरक | झुरझुरे खेल मैदान घेराबार तथा प्याराफिट निर्माण | ३०९५२७५७.३२ | २०८१।१०।४ | २०८१।१०।५ |

५४ **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका योजनामा सार्बजनिक खरीद ऐन २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको विवरण पूर्ण रूपमा नभरीएको सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७४ अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।

५५ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी गाउँपालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५६ **कन्टिजेन्सि खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस गाउँपालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च हुँदै आएको छ । यसरी खर्च गर्दा योजना बनाई खर्च गर्नुपर्नेमा गाउँपालिकाले कन्टिन्जेन्सि योजना तयार नगरी रू ४६६७६५२/- एकमुष्ट खर्च लेखेको छ । योजनागत कन्टिन्जेन्सि खर्च खाता राखेको देखिएन । कार्यालय सम्बन्धी खर्च लगायत शीर्षकमा चालु खर्च शीर्षकबाट समेत विनियोजन भै निकासा लिई खर्च गरेकोमा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको अवस्था छ ।

कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सोझै बजारबाट खरिद गरी खर्च लेखेको देखिएको छ । वार्षिक खरिद योजनामा समावेश गरी नियमको प्रावधान अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनु पर्ने उल्लेख भएकोमा सोको पालना गरेको देखिएन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भए नभएको यकिन गर्न सकिने अवस्था देखिएन ।

५७ **फर्माको दोहोरो भुक्तानीः** (३२-२०८१-१-२१):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरूप भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।वाम्मती गाउँपालिका - ५ झुरझुरे ज्यामिरे देवकी मा.वी. सडक निर्माण कार्यको लागि रू १०८५४३०।- लागत अनुमान तयार गरी गाउँपालिकाबाट रू ९७००००।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरेको छ । सडक निर्माणको लागि RCC 1:2:4 को दर विश्लेषण गर्दा सडक विभागको नर्म्श अनुसार प्रति घनमिटर काममा फर्म वर्कको लागि श्रमिकको ज्याला र सामग्रीको दरको ४ प्रतिशत रकम थप गरी प्रति घनमिटर दर निर्धारण गरेकोमा पुन फर्माको कामको लागि ५६.२५ स्कायर मिटरको रू ४२८४८.९४ भुक्तानी भएकोले उक्त रकम दोहोरो परेको देखिन्छ ।सम्झौता अनुसार उपभोक्ता समितिको १०.६३ प्रतिशत योगदान कट्टी गरी दोहोरो भुक्तानी भएको रू ३८२९४।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू........

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,२९४ |

५८ **भिमबाद खानेपानी आयोजनाः**

संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गत संचालित भिमवाद खानेपानी आयोजनाको कुल लागत अनुमान ६०५३८४९.६७ रहेकोमा उपभोक्ता समित मार्फत कार्य सम्पन्न गरी उपभोक्ता समितलाई रु ५००१९७६.३४ भुक्तानी भएको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ;

५८.१ **उपभोक्ता समितबाट काम गराएकोः-** विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ८(२) अनुसार विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रममा मात्र खर्च गर्न नपाइने उल्लेख छ । गाउँपालिकाले संघीय सरकारको विशेष अनुदान अन्तर्गत स्वीकृत भिमवाद खानेपानी आयोजना उपभोक्ता समिति मार्फत गराई संघीय सरकारबाट २६७२०००.०० भुक्तानी भएको छ । यसरी कार्यविधि विपरित उपभोक्ता समिति मार्फत काम गराई भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रू..........

| | |
|---|---|
| अनियमित भएको | २६,७२,००० |

५८.२ (३३-२०८१-१-३०):

**बढी भुक्तानीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताब अनुसार भुक्तानी दिनुपर्ने उल्लेख छ । भिमबाद खानेपानी आयोजना को प्रथम रनिङ्ग बिल भुक्तानी गर्दा उपभोक्ता समितिको योगदान कट्टी गरेर रू 2626437.33 को कार्यसम्पन्न भएकोमा रू २६७२०००।- भुक्तानी गरेको र अन्तिम बिल भुक्तानी गर्दा रू २६२६४३७.३३ नै अ.ल्या. सारेर भुक्तानी गरेको देखिएकोले कार्यसम्पन्न भएको भन्दा बढी भुक्तानी भएको रू ३५५६२।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,५६२ |

५८.३ **दोहोरो भुक्तानीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरूप भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।खानेपानी आयोजनाको एच.डी.पि.ई पाइप लेइङ्ग जोइन्टिङ्गको दर विश्लेषण गर्दा नर्म्श अनुसार HDPE pipe laying jointing work (with butt welded joints) including jointing पाइप उल्लेख गरी सोहि अनुसार दर विश्लेषण गरेकोमा पुन Standard

electromechanical butt welding machine set approval quality for HDPE pipe fitting and jointing upto 250 mm वापत रू ६६८७०।- भुक्तानी गरेको छ । पाइप जडानको लागि आवश्यक मेशिन लगायतको स्विकृत नर्म्स अनुसार गरेकोमा पुन मेशिनको रकम भुक्तानी गरेको देखिएकोले दोहोरो भुक्तानी गरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट उपभोक्ताको १० प्रतिशत योगदान रू ६६८७।- कट्टि गरी बाँकी रकम रू६०१०२।- उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,१०२ |

५९ **खरिद पाइप जडान नभएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। गाउँपालिकाले खानेपानी योजना निर्माणको लागि उपभोक्ता समितिसंग सम्झौता गरी रकम भुक्तानी भएकोमा मिटर पाइप खरिद गरेकोमा ६०५४ मिटर पाइप मात्र खन्ने पुर्ने गरेको देखिएकोमा बाँकी ५०४६ मिटर पाइप जडान भएको नदेखिएकोले उक्त पाइपहरू जडान भएको प्रमाण पेश गर्नुपर्ने रू.......

| पाइपको विवरण | खरिद पाइपको परिमाण मिटर | जडान भएको परिमाण मिटर | जडान भएको नदेखिको परिमाण मिटर | दर (खरिद गरेको दर औषतमा) | रकम |
|---|---|---|---|---|---|
| २०/२५/ ३२ एम एम पि.एन. १६, १२.५ र १० | ५२६०.७१ | ३२१०.७१ | २०५० | ६२.९९ | १२९१२९ |
| ५० एम एम पि.एन. १६, १२.५ र १० | ५८०३.०८ | ४३७१.०८ | १४३२ | २०९.४३ | २९९९०३ |
| ६३ एम एम पि.एन., १२.५ र १० | १४५० | ० | १४५० | २७२.५२ | ७८५११४ |
| | | | २८८२ | | ९९९९२२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९,९२२ |

६० **भेरियसनमा बढी दर राखेकोः** (३८-२०८१-३-४):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३,२२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **पेश्की जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की जमानतको मान्य अवधी खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अवधी भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधीको हुनुपर्ने उल्लेख छ । गाउँपालिका र निर्माण व्यवसायी बीच भएको सम्झौताको विशेष शर्त अनुसार मिति ठेक्का अवधिको ८० प्रतिशत अवधि भित्र निर्माण व्यवसायीको मोविलाइजेशन पेश्की फस्यौंट गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाबाट मोविलाइजेशन पेश्की दिएका १५ बेड अस्पतालको लागि मोबिलाइजेश पेश्कीको म्याद खरिद नियमावली एवं सम्मझौतामा भएको अवधि भन्दा कम अवधिको देखिन्छ । उक्त योजनाहरूको पेश्की जमानतको म्याद समाप्त भएको देखिएकोले पेश्की जोखिममा पर्ने अवस्था छ । गाउँपालिकाले उक्त पेश्की जमानतको अवधि थप गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| आयोजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | जमानत रक र बैंक | पेश भएको पेश्की जमानतको म्याद | कैफियत |
|---|---|---|---|---|---|
| १५ बेड अस्पताल | २०८०।२।२४ | २०८२।२।२४ | १७८३५००० प्रथम १७८३५००० दोश्रो कृषि विकास बैंक | २०८१।६।१०<br>२०८१।८।१० | प्रथम किस्ताको म्याद थप भएको दोश्रो किस्ताको नभएको |

६२ **बेली ब्रिज निर्माणः**

डाँडा खोला रातोमाटो मा बेली व्रिज निर्माण गर्नको लागि २०७९।३।३० मा सम्पन्न गर्ने गरी गुरुकुल विल्डर्शसंग मिति २०७८।१२।३० मा रु. १५५३१६८७.४४ को सम्झौता भएको छ । हालसम्म प्रथम विल वापत रु ३०९६२९८.०० भुक्तानी भएको छ । सो सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

६२.१ **पेश्की बाँकीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले समझौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समय अवधिभित्र सम्पादन गर्न नसकेको कारण पेश्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज असुल उपर गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी गुरूकुल निर्माण सेवालाई बेलीब्रिज निर्मण कार्यको लागि रू २७०००००।- पेश्की दिएको देखिन्छ । पेश्की जनानतको म्याद समेत सकिएको देखिन्छ । गाउँपालिकाले उक्त निर्माण व्यवसायीलाई पटक पटक ताकेता गर्दा समेत काम नगरेको गाउँपालिकाले उक्त पेश्की रकममा नियमानुसार लाग्ने व्याज समेत यकिन गरी असुल गर्नुपर्ने रू.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,००,००० |

६२.२ **निर्माण कार्यः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च निर्माण व्यवसायीले व्यहोर्नु पर्ने, सम्झौता बमोजिमको कार्य नगरेमा सार्वजनिक निकायले पूर्व जानकारी नदिई सम्झौताको अन्त्य गर्न सक्ने, उल्लिखित अवस्थाबाट सम्झौताको अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिमको बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल गर्नुपर्ने व्यवस्था छ । व्रिज निर्माण गर्नको लागि रू १९८८४७४४.७४ लागत अनुमान रहेकोमा बोलपत्रको माध्यमबाट २०७९।३।३० मा सम्पन्न गर्ने गरी गुरूकुल विल्डर्शसंग मिति २०७८।१२।३० मा सम्झौता भएकोमा हालसम्म प्रथम विल रू ३०९६२९८.०० भुक्तानी भएको छ । कुल लागत अनुमानको तुलनामा करिब २२ प्रतिशत घटेर सम्झौता भएको देखिन्छ ।उक्त ठेक्कको म्याद २०७९।६।३० थप गरेकोमा तत् पश्चात म्याद थप भएको छैन । निर्माण व्यवसायीले २०७९।१२।१७ मा म्याद थपको लागि निवेदन दिएकोमा सो निवेदन उपर कारबाहि भएको पाइएन । उक्त ठेक्कामा राखेको कार्यसम्पादन जमानतको म्याद २०८१।१२।१ सम्म थप भएको छ । गाउँपालिकाले सार्वजानिक खरिद ऐन, नियमावली र सम्झौताको अधिनमा रहि निर्माण व्यवसायीलाई बाँकी काम गर्न लगाउने अथवा उक्त ठेक्का तोड्ने प्रक्रियामा जाने हो सम्बन्धमा आवश्यक निर्णय गरी ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ ।

६३ **पेश्कीको अभिलेखः**

१५ वेड अस्पताल निर्माण कार्यको लागि शिवालय विल्डर्शलाई २०७९।८० मा रु. १७८३५०००।- पेश्की दिएको देखिन्छ । गत आ.व. मा पेश्की दिँदा बजेट अन्तर सरकारी अख्तियारीको रुपमा CGAS मार्फत पेश्कीको लेखांकन भएकोमा यस वर्ष पालिकाको अनुदान मार्फत कार्यक्रम आएकोले गत वर्प प्रदान भएको पेश्की शुत्रमा अ.ल्या गर्न नमिल्ने भएकोले पालिकाको पेश्की बाँकीको विवरण म.ले.प. फाराम नं २११ र पालिकाको प्राप्ती र भुक्तानीको एकिकृत वित्तीय विवरण म.ले. प फाराम २७० मा समेत नदेखिएको अवस्था छ । पालिकाले निर्माण व्यवसायीको व्यक्तिगत पेश्की लेजर अद्यावधिक गरी नराखेको कारण यस वर्ष उक्त पेश्कीको लेखांकन भएको पाइएन । पालिकाले उक्त पेश्की बाँकीको अमिलेख राखी पेश्कीको एकिकृत विवरण अद्यावधिक गर्नुपर्दछ ।

६४ **यन्त्र/उपकरण अनुदानः**

वाम्मती गाँउपालिका मकवानपुरको बार्षिक नीति तथा कार्यक्रम २०८०/८१ मा सहकारी संस्थाको संरक्षण, प्रवर्द्धन र क्षमता अभिवृद्धिमा जोड दिइने, प्रत्येक वडामा दुग्ध उत्पादक सहकारीमार्फत सञ्चालन हुने गरी दुग्ध चिस्यान केन्द्रको स्थापना गरिने र आगामी ३ वर्ष भित्रमा गाँउपालिका भित्र दैनिक ५० हजार लिटर दुध उत्पादन गर्ने लक्ष्य सहितको नीति रहे अनुसार दुग्ध चिस्यान केन्द्र स्थापनाको लागि सहकारी संस्थाबाट यन्त्र/उपकरण माग भए बमोजिम गाउँपालिकाले ठेक्का मार्फत रू ७२८५०००/- का ५ वटा चिलिङ भ्याट सात हजार लिटर क्षमताका, ५ वटा मिल्क ड्रम, ५ वटा डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, र ५ वटा मिल्क पम्प खरिद गरी पाँच दुग्ध उत्पादक सहकारी संस्थाहरूलाई हस्तान्तरण गरेको छ ।उपरोक्तमा उल्लेखित यस प्रकार यन्त्र उपकरण अनुदान दिने नीति सम्बन्धमा गाउँपालिकाले कार्यविधि तथा मापदण्ड बनाएको देखिएन । सहकारी संस्थाहरूसँग सम्झौतामा ५ वर्ष सम्म यो व्यवसाय निरन्तर सञ्चालनमा रहनुपर्ने र यी यन्त्र उपकरणहरू अर्कोलाई हस्तान्तरण गर्न तथा विक्री गर्न नपाइने उल्लेख गरेको भएपनि यो अनुदानको अभिलेखिकरण र निरन्तर अनुगमन मूल्यांकनको स्थायी संयन्त्र निर्माण गरेको नदेखिएकोले अनुदान रकमबाट सञ्चालित व्यवसायबाट स्थानीय पशुपालक कृषकहरू दिर्घकालसम्म लाभान्वित हुन्छन भनी आश्वस्त हुन सकिएन । अनुदानको पुर्ण र दिर्घकालिन रूपमा उपयोगको लागि अनुदानको अभिलेखिकरण एवं सार्जनानिकीकरण गर्नुको साथै स्थायी अनुगमन संयन्त्र निर्माण गरी अनुगमन मूल्यांकनलाई निरन्तरता दिनु पर्दछ ।उपकरण अनुदान उपलब्ध गराएका सहकारी संस्थाहरू देहाय अनुसार रहेका छन्:-

| क्र सं | अनुदान प्राप्त गर्ने सहकारी संस्था | रकम | अनुदान विवरण |
|---|---|---|---|
| १ | भोर्लेनी दुग्ध उत्पादक सहकारी सं.स.लि वडा ५ | १८७७००० | चिलिङ भ्याट तीन हजार लिटर क्षमताको, मिल्क ड्रम, डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, मिल्क पम्पर जेनेरेटर २०KVA एक सेट |
| २ | वेतिनी दुग्ध उत्पादक सहकारी सं.स.लि वडा ९ | १३५२००० | चिलिङ भ्याट एक हजार लिटर क्षमताको, मिल्क ड्रम, डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, मिल्क पम्पर जेनेरेटर २०KVA एक सेट |
| ३ | प्रगति दुग्ध उत्पादक सहकारी सं.स.लि वडा ८ | १३५२००० | चिलिङ भ्याट एक हजार लिटर क्षमताको, मिल्क ड्रम, डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, मिल्क पम्पर जेनेरेटर २०KVA एक सेट |
| ४ | राईगाँउ दुग्ध उत्पादक सहकारी सं.स.लि वडा १ | १३५२००० | चिलिङ भ्याट एक हजार लिटर क्षमताको, मिल्क ड्रम, डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, मिल्क पम्पर जेनेरेटर २०KVA एक सेट |
| ५ | गढन दुग्ध उत्पादक सहकारी सं.स.लि वडा ३ | १३५२००० | चिलिङ भ्याट एक हजार लिटर क्षमताको, मिल्क ड्रम, डेरी मिल्क होस मिल्क सेन्ट्रिफ्यूज, मिल्क पम्पर जेनेरेटर २०KVA एक सेट |

६५ **खड्केपानी सुन्थली झोपुः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यमा भएको खर्च र विवरण समेत समावेश गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले खड्केपानी सुन्थली झोपु (चिरूवा खोला) निर्माण कार्य रू ४६४७९६५/- को स्टिल पार्टस् र उपभोक्ताबाट सम्पादन हुने काम तथा एनजिओ शुल्क समेत रू. ८९९७६८२/- को लागत अनुमान तयार गरेकोमा स्टिल पार्टस् ठेक्का मार्फत रू. ३०६०६७९/- को खरिद गरी मिति २०८१/३/२३ मा उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ । उपभोक्ता समितिबाट उक्त निर्माण कार्य सम्पन्न भएको नदेखिएकोले झोलुङ्गे पुल सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।

६६ **उपभोक्ता समितिबाट सरकारी संरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्राविधिक क्षमता आबश्यक नपर्ने, लाभग्राही वा उपभोक्ता समितिबाट गर्दा मितव्यीता गुणस्तरीयता र दिगोपना वृद्धी हुने, स्थानीय स्रोत साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा कार्य सम्पादन हुने, स्थानीय तहमा रोजगारी सृजना हुने, निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने निर्माण कार्यहरू उपभोक्ता समुहबाट गराउन सकिने उल्लेख छ । गाउँपालिकाले उपरोक्तमा उल्लेखित अवस्था नरहेका देहायका सरकारी कार्यालय भवनहरू उपभोक्ता समितिबाट गराई देहाय अनुसार रू

२१०३३१७/- खर्च गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा सम्बन्धित उपभोक्ताहरूले लाभ प्राप्त गर्ने, निर्माण पश्चात मर्मत संभार तथा सञ्चालन तिनीहरूबाटै हुने हस्तान्तरण योग्य र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रूपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनका काम तथा घेरावार कार्य गराएको अनियमित देखिएको रू.......

| गो.भौ.नं. र मिति | योजना | खर्च |
|---|---|---|
| २५-२०८०/१०/९ | वेतिनी हेल्थपोष्ट सटर निर्माण वडा नं ६ | ७७१८७२/- |
| ५४-२०८०/११/८ | वडा कार्यालय ८ हल निर्माण | ९४३६५६/- |
| ८२२-२०८१/३/२ | वडा नं ५ घेरावार | ३८७७८९/- |
| जम्मा | | २१०३३१७/- |

| | |
|---|---|
| अनियमित भएको | २१,०३,३१७ |

६७ **उपभोक्ता समितिबाट सामान खरिदः** (३४१-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ मा एक करोड सम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । सो बाहेक मालसामान तथा अन्य सेवा खरिद उभोक्ता समितिबाट गर्ने व्यवस्था छैन ।गाउँपालिकाले खानेपानी निर्माण तथा मर्मत २ नं वडाभरी योजनाको लागि ५०० लीटरका ८० थान पलाष्टिक ड्रम र पाइप तथा फिटिङ सामाग्री को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी उपभोक्ता समितिबाट ती सामाग्रीहरू खरिद गरेको कार्य सम्पन्न प्रतिवेदन तयार गरी रू १२५३९६५/- भुक्तानी गरेको छ । उभोक्ताको कुनै श्रम तथा स्थानीय स्रोत र सीपको कुनै उपयोग नभएको बजारबाट खरिद हुने काम उपभोक्ता समितिबाट गराएको नियम सम्मत नदेखिएको रू. ........

| | |
|---|---|
| अनियमित भएको | १२,५३,९६५ |

६८ **अधुरो तथा ओभरल्यापिङ ठेक्का**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । गाउँपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत झुरझुरे भोर्लेनी सडक वडा नं ५ निर्माणको लागि मिति २०८०।२।८ मा निर्माण व्यवसायी भैरव निर्माण सेवासँग ठेक्का सम्झौता गरेको छ । उक्त ठेक्काको लागत अनुमान रू १९१८५४८९.९१ र सम्झौता रू ११६९५०९१.३८ (लागत अनुमान भन्दा ३९.९६ प्रतिशत घटी) रहेको छ ।५२ दिनमा कार्य सम्पन्न गर्ने गरी लागेको उक्त ठेक्काको अघिल्लो आर्थिक वर्ष २०८०।३।३० मा प्रथम रनिङ विल रू ५५१७९९३.०० भुक्तानी भए पश्चात काम अगाडी बढेको देखिएन । गाउँपालिकाले पटक पटक पत्रचार गरी सम्पर्क गर्न खोजेको देखिन्छ । उक्त ठेक्काको म्याद थप पनि नभएको र कार्यसम्पादन जमानतको म्याद २०८१।२।२१ सम्म रहेकोमा उक्त जमानतको म्याद समेत अवस्था गुज्री सकेको अवस्था छ । हाल यो ठेक्का लगाएको सडकको कार्यक्षेत्रमा पर्ने गरी तथा ओभरल्यापिङ हुने गरी पूर्वाधार विकास कार्यालयले ठेक्का लगाएको देखिएकोले बाँकी काम गराउन कुनै पहल नगरेको भन्ने गाउँपालिकाको भनाई रहेको छ । उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा दुई स्थान (लिलावन ओरालो र धापे ओरालो ) मा ३१० मिटर साइड ड्रेन गाउँपालिकाले बनाएकोमा सो को अगाडि पछाडि प्रदेश सरकारको ठेक्का बाट साइड ड्रेन बनाई गाउँपालिकाले वनाएको ड्रेनसंग जोडेको देखिन्छ । यसबाट उक्त कामको भुक्तानी प्रदेश सरकारबाट समेत हुनसक्ने सम्भावना रहन्छ । साथै गाउँपालिकाले भोर्लेनी बजार देखि रूख सम्म ५०० मिटर सडक ढलान गरेकोमा सडकको बीचमा बिजुलीको पोलहरू समेत रहेको देखिएकोले उक्त पोलहरू हटाउनु पर्ने देखिन्छ । गाउँपालिका र प्रदेश सरकारबीच उचित समन्वयको अभावमा ओभरल्यापिङ हुने गरी प्रदेश सरकारबाट लागेको नयाँ ठेक्का र गाउँपालिकाले लगाएको यो अधुरो ठेक्काको सन्दर्भमा यकिन गरी गाउँपालिकाबाट भएको कामको प्रदेश सरकारबाट दोहोरो भुक्तानी नहुने गरी समन्वय गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन, नियमावली र सम्झौतामा भएको व्यवस्था अनुसार ठेक्का फरफारक गर्नुपर्दछ ।





प्रदेश सरकारले बनाएको नाली र गाउँपालिकाले बनाएको नाली

६९ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि रु. १२२१३५०००।- बजेट विनियोजन भएकोमा रु. ११७४६६५१५।- खर्चको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

६९.१ **प्रतिबेदनः**- सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

६९.२ **निरीक्षण तथा अनुगमनः**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको

निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

६९.३ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः-** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले उक्त विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

६९.४ **एकै दिन लगत कट्टाः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष भित्र लगत कट्टा भएका लाभग्राहीको विवरण पेश गरेकोमा कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्ने उक्त प्रकृया पुरा गरेको देखिएन। लगत कट्टाको विवरण अनुसार धेरै जनाको दोहोरो दर्ता गरेर लगत कट्टा गरेको, मिति २०८०।१२।३० मा लगत कट्टा गरेको अधिकांशको पहिलो त्रैमासिकको मात्र भुक्तानी गरेको देखएको र धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा देखिएकोले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण सम्बन्धमा आश्वस्त हुन सकिएन।गाउँपालिकामा मृत्यु दर्ता हुन साथ लगत कट्टा गरी समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।लगत कट्टा भएको विवरण निम्नानुसार रहेको छन् ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वाग्मती | 9 | अन्यजेष्ठ नागरिक भत्ता | 2008030408158 | फलोकुमारी राना | दोहोरोदर्ता | 2080-04-21 | 2080-04-21 |
| वाग्मती | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 2010111008793 | चिनि माया थिङ | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 1 | अन्य जेष्ठ नागरिक भत्ता | 2009010603784 | काशीराम राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2001111003444 | सानु कान्छी घलान | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1999031003041 | कृष्ण बहादुर थोकर | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2005010126719 | चन्द्र बहादुर गोले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1981010200293 | सुनमान गोले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 2000070101025 | सुन माया थिङ | अन्य | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2006070901713 | कान्छि माया लोप्चन | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1994030701307 | गुथुर जर्गा मगर | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 8 | अन्य जेष्ठ नागरिक भत्ता | 2008060300515 | गंगा माया विश्वकर्मा | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 4 | जेष्ठ नागरिक एकल महिला | 2014071800386 | सुन्तली माया कामी | अन्य | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | जेष्ठ नागरिक एकल महिला | 2013041201022 | माईली माया दमै | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 7 | जेष्ठ नागरिक एकल महिला | 2013010503366 | सितामाया गोले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 2011010145634 | फिरी माया आले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2005123354356 | कर्ण वहादुर भोलन | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1984030700359 | लाल बहादुर राई | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 1997020402364 | नर माया जर्गा मगर | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2000010406971 | चेत बहादुर सार्की | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2002012400911 | पवित्रा रखाल | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2001120185968 | कान्छा लोप्चन | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2001100202239 | टेक बहादुर स्याङतान | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2009050706547 | कान्छि माया गोले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1993082300182 | बुद्धिमाया गोले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1995070501663 | काजीमाया सिंतान | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 2 | अन्य जेष्ठ नागरिक भत्ता | 2012032000567 | कान्छी माया मुक्तान | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2002030405074 | सुक्राम रुम्बा | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2000010209102 | जय बहादुर राना मगर | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1999101202069 | काली राई | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1999092500455 | मान माया आले | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 2002123158013 | ठुली माया पाख्रीन | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1994060200766 | सोम बहादुर राई | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2002040202183 | शान्तीमाया लोप्चन | मृत्यु | 2080-12-30 | 2080-12-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2005123407592 | कर्ण बहादुर भोलन | मृत्यु | 2079-04-15 | 2079-04-15 |
| वाग्मती | 6 | जेष्ठ नागरिक एकल महिला | 2019010801379 | ठूली माया मगर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | विधवा | 2025100505069 | बाल कुमारी लोप्चन | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2011082101994 | टेक बहादुर रुम्बा | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2011081009263 | मईति माया राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 2008042503644 | कालि मायाँ पुलामी | बसाइ सराइ | 2080-03-22 | 2081-06-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2010051520564 | गन्ज बहादुर पुलामि | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अति अशक्त अपाङ्गता भत्ता | 2066080901043 | आकृति भोलन | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 5 | अति अशक्त अपाङ्गता भत्ता | 2054031300309 | सन्त बहादुर दोन | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2001101204804 | बुद्दी माया मगर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2004052503059 | नेप्टी आले मगर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2006090702973 | जय बहादुर राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | जेष्ठ नागरिक एकल महिला | 2019043001245 | दली कुमारी राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2011060403404 | गोबिन्द राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2006111402546 | धन बहादुर अस्तानी | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 2008121035052 | पुर्ण बहादुर आले | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2008040509979 | पदम बहादुर सिङतान | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 2002061601369 | गोल बहादुर स्याङ्तान | दोहोरो दर्ता | 2080-03-30 | 2081-01-18 |
| वाग्मती | 2 | अन्य जेष्ठ नागरिक भत्ता | 2011071203512 | मस्ली पहरी | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| | 5 | | 2079100707053 | | | 2080-03-30 | 2080-03-30 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वाग्मती | | दलित बालबालिका | | अनिश बि.क. | दोहोरो दर्ता | | |
| वाग्मती | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 2010021104465 | ठुली मायाँ थोकर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2003020306033 | मधु माया राई | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 2007012005685 | कृष्ण बहादुर बल | दोहोरो दर्ता | 2081-03-30 | 2081-03-30 |
| वाग्मती | 9 | अन्य जेष्ठ नागरिक भत्ता | 2009080602435 | सुकु माया नेगि | दोहोरो दर्ता | 2080-04-05 | 2080-04-05 |
| वाग्मती | 9 | जेष्ठ नागरिक भत्ता (दलित) | 2014051702784 | तिलक माया कामी | दोहोरो दर्ता | 2080-03-29 | 2080-03-29 |
| वाग्मती | 6 | अति अशक्त अपाङ्गता भत्ता | 2056062604376 | बुद ठोकर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 2009011515185 | केसरी माया गोले | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1989051300492 | झ्याप्ली आले मगर | दोहोरो दर्ता | 2080-03-30 | 2080-03-30 |
| वाग्मती | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 2009090907174 | नाङसल माया लोप्चन | दोहोरो दर्ता | 2081-03-30 | 2081-03-30 |

७० **मृत्यु भएकोलाई सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ । साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चलान गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । गाउँपालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रू १११८००।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रू.......

| परिचयपत्रनं. | नाम | बैंक खाता नं | लाभग्राहिकोखातामा गएको | मृत्यु÷लगत कट्टा मिति | खातामा जम्माहुनुपर्ने | बढीभुक्तानी भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1996071501736 | Telki Rai | 062010810000536 | 24000 | 2080.8.6 | 16800 | 7200 | |
| 1999092500455 | Man Maya Ale | 03901200224320000001 | 12000 | 2080.3.19 | 0 | 12000 | |
| 1994030701307 | Guthur Jarga Magar | 03901200223300000001 | 12000 | 2080.2.3 | 0 | 12000 | |
| 2008121035052 | Purna Bahadur Ale | 03901900495660000001 | 24000 | 2080.3.30 | 0 | 24000 | |
| 1999101202069 | Kali Rai | 03901200224022000001 | 12000 | 2080.2.18 | 0 | 12000 | |
| 1994060200766 | Som Bahadur Rai | 03901200224308000001 | 12000 | 2080.4.20 | 2800 | 9200 | |
| 2010051520564 | ganj bahadur pulami | 03901900621593000001 | 24000 | 2080.3.30 | 0 | 24000 | |
| 2000070301443 | Bishnu Bahadur Rai | 03901200224278000001 | 36000 | 2081.10.6 | 24600 | 11400 | |
| **TOTAL** | | | 156000.00 | | 44200.00 | 111800.00 | |

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४८,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,८०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बागमती गाउँपालिका, मकवानपुर , बागमती गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओम बहादुर दर्जी | २०८१-६-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेश कुमार दास | २०८०-५-१ | २०८१-६-४ |
| लेखा प्रमुख | झम्क नारायण घलान | २०८०-६-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,३२८,९८६ | १६,०२४,७४० | १५,४९९,९२२ | ० | ० | ८००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३५,६५३,६४८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५,०८३,२२८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३०,५७०,४२० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६२१७२४२८.७९ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३६८४५००० | चालु खर्च | १८६३०७००७.०८ |
| प्रदेश सरकारबाट अनुदान | ६८६६३००० | पूँजीगत खर्च | ३८८०२९१०१.३७ |
| राजश्व बाँडफाँट | १३८७७०१६७.५२ | वित्तीय/अन्य व्यवस्था | १६४४५४९९३.११ |
| आन्तरिक आय | ४०१६६४२.२७ | | |
| अन्य आय | १५१३८७७२४.७ | | |
| कुल आय | ६९९६८२५३४.४९ | कुल खर्च | ७३८७९११०१.५६ |
| बाँकी मौज्दात | | २३०६३८६१.७२ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं. | आय शिर्षक | आय | सि.नं. | | जम्मा ब्यय |
|---|---|---|---|---|---|
| १ | **गत बर्षको नगद मौज्दात (बिभिन्न कोषहरु समेत)** | **६२१७२४२८.७९** | १ | **संघीयसरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च** | **२२७५२९४३८.७** |
| | नगदमौज्दात (संचित कोष खाता) | ५६५२७४५३.४९ | | संघियसरकारबाट हस्तान्तरित कार्यक्रम चालु | १९४९६१२२२.७ |
| | धरौटी मौज्दात (धरौटी खाता) | ५०१३५७२.४२ | | संघियसरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | ३२५६८२१६.०० |
| | प्रकोप ब्यबस्थापन कोष खाता | ९३८४९.८८ | २ | **प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च** | **५८७३०९६५.३३** |
| | आकस्मिक कोष (मर्मतसंभार कोष खाता) | ३९३०८८.०० | | प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम चालु | २७२८७६८०.३३ |
| | महिला तथा बालबालिका कोष | १०००००.०० | | प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | ३१४४३२८५.०० |
| | विविध खर्च खाता/कोष(ग.२-७) | ४४४६५.०० | ३ | **बागमति गा.पा. तर्फको खर्च** | **२८८०७५७०४.४२** |
| २ | **संघीयअनुदान** | **३३६८४५०००.००** | | बागमतिगा.पा. चालु | १६५७८०१९८.३४ |
| | सशर्तअनुदान संघ | २२९०९६०००.०० | | बागमतिगा.पा. पुँजीगत | १२२२९५५०६.०८ |
| | वित्तिय समानीकरण संघ | ९६९९९०००.०० | ४ | **अन्तरसरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)** | १२२१२७७२३.२० |
| | संघीय समपुरक | ८००००००.०० | | सामाजिकसुरक्षा | ११७४६६५१५.०० |
| | बिशेष अनुदान संघ | २७५०००००.०० | | शिक्षाविज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम | २८२५२२.२ |
| ३ | **बागमतीप्रदेशबाट प्राप्त अनुदान** | **६८६६३०००.००** | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५९५०००.०० |
| | सशर्तअनुदान प्रदेश | ४३३५४०००.०० | | राष्ट्रपतिमहिला सुधार परियोजना | ७८३६८६.०० |
| | वित्तिय समानीकरण प्रदेश | १०३०९०००.०० | ५ | **प्रकोपब्यबस्थापन कोष ब्यय** | **१०९३८४९.००** |
| | प्रदेश समपुरक अनुदान | १००००००००.०० | ६ | **धरौटीफिर्ता** | **१९११९२६.००** |
| | प्रदेश बिशेष अनुदान | ५००००००.०० | ७ | **अन्य विविध खर्च** | **१०४९९४०६.७१** |
| ४ | **जम्मा आन्तरिक आय** | **४०१६६४२.४७** | | विविध खर्चखाता/कोष(ग.२-७) | १०४९९४०६.७१ |
| ५ | **बाँडफाँडप्राप्त राजश्व** | **१३८७७०१६७.५२** | ८ | **विभाज्य कोष तर्फको खर्च** | **१०७१४२९७.४३** |
| | राजश्वबाँडफाँड संघ | १०८१८४०२९.१४ | ९ | **अनुदानफिर्ता** | १७९३९५९५.९७ |
| | राजश्व बाँडफाँड प्रदेश | २४५३७९५२.९३ | | संघीय अनुदान फिर्ता | १४३१६५६१.३ |
| | राजश्व बाँडफाँड स्थानीय | ६०४८१८५.४५ | | प्रदेश अनुदान फिर्ता | ३६२३०३४.६७ |
| ६ | **अन्तरसरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)** | १२२१२७७२३.२० | १० | **मर्मतसंभार कोष खर्च** | **१६८१९५.००** |
| | सामाजिकसुरक्षा | ११७४६६५१५.०० | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षाविज्ञान तथा प्रविधिमन्त्रालयको कार्यक्रम | २८२५२२.२ | **११** | **मौज्दातबिबरण** | **२३०६३८६१.७२** |
| | स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | ३५९५०००.०० | | संचित कोषखाता | १२५४६५५९.०६ |
| | राष्ट्रपति महिला सुधार परियोजना | ७८३६८६.०० | | प्रकोपब्यबस्थापन कोष खाता | १००००००.८८ |
| **७** | **प्रकोपब्यबस्थापन कोष आय** | २००००००.०० | | धरौटी खाता | ८३९६०८१.४२ |
| | प्रकोपब्यबस्थापन प्रदेश कानुन मन्त्रालय निकासा | १००००००.०० | | महिला तथाबालबालिका कोष | १०००००.०० |
| | प्रकोप व्यवस्थापन गा.पा. निकासा | १००००००.०० | | मर्मत कोषखाता | २२४८९३.०० |
| ८ | **धरौटीआम्दानी** | ५२९४४३५.०० | | विविध खर्चखाता/कोष(ग.२-७) | ७९६३२७.३६ |
| ९ | **अन्य विविधआय** | **११२५१२६९.०७** | | | |
| | विविध खर्चखाता/कोष(ग.२-७) | ११२५१२६९.०७ | | | |
| १० | **विभाज्य कोष तर्फको आम्दानी** | १०७१४२९७.४३ | | | |
| | **कुल जम्मा** | **७६१८५४९६३.४८** | | **कुल जम्मा** | **७६१८५४९६३.४८** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ